नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५

फ्याक्स: ४२११७२०

website: www.mopit.gov.np

सिंहदरबार, काठमाडौं

प.सं.: ४.४.३ । ०७३/७४

च.नं.: ९८६१

मिति: २०७४ । ०२ । २८

विषय: परिपत्र ।

श्री योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

श्री गुणस्तर तथा वैदेशिक सहयोग महाशाखा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

श्री निर्माण तथा यातायात महाशाखा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

श्री सडक विभाग ।

श्री यातायात व्यवस्था विभाग ।

श्री रेल विभाग ।

प्रस्तुत विषयमा सामान्य प्रशासन मन्त्रालयको प.सं. ज.वि.शा. २०७३/७४, च.नं. ६४१, मिति २०७४ । ०२ । २३ को पत्रको छायाँप्रति पाना – १ यसै साथ संलग्न छ । व्यहोरा उक्त छायाँप्रतिबाटै अवगत गरी पत्रानुसार सम्बन्धित सबैलाई जानकारी गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(गणेश अर्याल)

उपसचिव

नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्या: ज.वि.शा. २०७३/७४ चलानी संख्या: ६८५

मिति: २०७४/०२/२३

१३०१
२०७४/२/२८

विषय: परिपत्र ।

शैक्षिक गुणस्तर तथा ... मन्त्रालय
मूल द. नं. ४९१७/१४५
मिति:

श्री सबै मन्त्रालय/कार्यालय/आयोग/विभाग/सचिवालय
सिंहदरवार, काठमाडौं ।

यस मन्त्रालयको आ.व. २०७३/७४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत निजामती कर्मचारीलाई स्वदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थामा विद्यावारिधि अध्ययन गर्नका लागि छात्रवृत्ति उपलव्ध गराईने सम्वन्धमा तहाँ मन्त्रालय/कार्यालय/आयोग/विभाग/सचिवालय वा अन्तर्गत कार्यरत इच्छुक कर्मचारीहरुलाई तपसिल वमोजिम सूचित गरिदिनु हुन निर्णयानुसार अनुरोध छ ।

तपसिल:

| क्र. सं. | अध्ययन / तालीम/छात्रवृत्तिको विषय | अध्ययन / तालीम | छात्रवृत्तिको संख्या | आवेदन सा.प्र.म. जनशक्ति विकास शाखामा पुग्नु पर्ने म्याद | अवश्यक योग्यता/सम्बधित निकाय वा अन्य प्रासंगिक कुरा |
|---|---|---|---|---|---|
| १ | स्वदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थामा जुनसुकै विषयमा विद्यावारिधि (Ph.D) | अध्ययन | २ (दुई) | सूचना प्रकाशित मिति२०७४/०२/२३) ले ३० दिन भित्र | • मान्यता प्राप्त शिक्षण संस्थावाट स्नात्तकोत्तर तह, एमफिल वा सो सरहको परीक्षा उत्तीर्ण भएको.<br>• ४५ वर्ष उमेर ननाघेको.<br>• निजामती सेवाको पदमा स्थायी नियुक्ति पाई कम्तीमा ३ वर्षको सेवा अवधि पूरा गरेको.<br>• स्वदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालय वा सोवाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा विद्यावारिधिमा भर्ना हुन पेश गरेको अनुसन्धान प्रस्ताव (Research Proposal) स्वीकृत भएको ।<br>(थप जानकारी : *www.moga.gov.np* ) |

.............
(किरण थापा)
शाखा अधिकृत